बैठक संख्या : ०८२/०८३/३

आज मिति २०८२/०५/१२ गते विहिबारका दिन यस माथागढी गाउँपालिकाका अध्यक्ष श्री यम बहादुर चिदी ज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्ताव उपर छलफल गरी निर्णय लिनका लागि गाउँ कार्यपालिकाको बैठक बसियो ।

समय : दिउँसो :१२.३० बजे ।

स्थान : गाउँ कार्यपालिका भवन, झडेवा, पाल्पा ।

उपस्थिति :

| सि.न. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री यम बहादुर चिदी | अध्यक्ष | |
| २. | श्री विष्णु माया लुङ्गचे | उपाध्यक्ष | |
| ३ | श्री राजकुमार पन्थी | सदस्य | |
| ४. | श्री बोम बहादुर ठाडा | सदस्य | |
| ५. | श्री तेज बहादुर घर्ति मगर | सदस्य | |
| ६ | श्री शंकर दर्लामी | सदस्य | |
| ७. | श्री गणेशमान गाहा | सदस्य | |
| ८. | श्री युव बहादुर ठाडा मगर | सदस्य | |
| ९. | श्री जंग बहादुर दर्लामी | सदस्य | |
| १०. | श्री दिल बहादुर ढेगा | सदस्य | |
| ११. | श्री तुलसा न्यौपाने | सदस्य | |
| १२. | श्री मगली कुमाल | सदस्य | |
| १३. | श्री रुकुमी सुनारी | सदस्य | |
| १४. | श्री लिला सरा चिदी | सदस्य | |
| १५. | श्री पुर्ण बहादुर सुनार | सदस्य | |
| १६. | श्री भिम कुमारी परियार | सदस्य | |
| १७. | श्री सुन्दर प्रसाद श्रेष्ठ | सचिव | |
| | आमन्त्रित: | | |
| १८. | श्री जित कुमारी ढेगा | [illegible] | |
| १९. | धर्मेन्द्र ब. यादव | इन्जिनियर | |
| २०. | नित्यानन्द खनाल | [illegible] | |
| २१ | | | |
| २२ | | | |

# कार्यपालिकाको निर्णय (तेस्रो वैठक)

मितिः २०८२/०५/१२

**प्रस्तावहरुः**

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयन समिक्षा,

२. उपभोक्ता समितिको तालिम (अभिमुखीकरण सम्बन्धमा),

३. भू-वर्गिकरण सम्बन्धमा,

४. आयोजनाको ठेक्का सूचना प्रकाशन सम्बन्धमा,

५. नेपाल टेलिकमको टावर निर्माणको लागि जग्गा सम्बन्धमा,

६. अनुदानमा, आलुको विउ सूचना सम्बन्धमा,

७. आर्थिक सहयोग सम्बन्धमा,

८. लोकसेवाको आयोगमा पदपूर्तिको लागि माग सम्बन्धमा।

९. उपभोक्ता समितिलाई पेस्की दिने सम्बन्धमा।

१०. भूमि समस्या समाधान आयोग, पाल्पाद्वारा संचालित अभिमुखीकरण सम्बन्धमा,

**निर्णयहरुः**

१. उयस अघिको कार्यापलिका बैठकमा भएका निर्णय कार्यान्वयन संक्षिप्त गरियो।

२. आ.व २०८२/८३ मा कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमहरुको सहजताको लागि देहाय वमोजिमका वडामा देहाय वमोजिम उपभोक्ता समितिका अध्यक्ष र सचिवलाई अभिमुखीकरण तालिम आयोजना गर्ने सर्वसमितिले निर्णय गरियो।

| वडा नं | तालिम मिति |
|---|---|
| १ | २०८२ असोज ५ |
| २ | २०८२ भाद्र २० |
| ३ | २०८२ भाद्र २५ |
| ४ | २०८२ भाद्र २७ |
| ५ | २०८२ भाद्र २४ |
| ६ | २०८२ भाद्र ३१ |
| ७ | २०८२ भाद्र २६ |
| ८ | २०८२ असोज २ |

३. माथागढी गाउँपालिकाको नेपाल सरकारले तोके वमोजिम कर्यविधि वमोजिम भू- वर्गिकरण गर्ने प्रकिया तुरुन्त अघि बढाउन प्र.प्र.अ.लाई जिम्मेवारी दिने सर्वसमितिले निर्णय गरियो।

४. आ.व. २०८२/०८३ मा यस गा.पा.बाट कार्यान्वयन गरिने देहायका आयोजनाहरुको E-Bid ठेक्का सूचना प्रकाशन गर्ने सर्वसमितिले निर्णय गरियो।

क. महोनेचौपारी-मान्के-सोले-दोहरा हुदै फेदी मो.बा,

ख. सराई-एक्लेवर-ओलेस रिङ्ग रोड,

ग. दिव्यज्योती मा.वि. घेरावार, क्यान्टिन निर्माण,

५. नेपाल टेलिकम दूर संचार प्राधिकरण पाल्पाद्वारा माथागढी गाउँपालिका वडा नं ५ मौलाथर डाँडामा टावर राख्ने प्रयोजनको लागि जग्गा सम्बन्धमा कुनै विवाद नरहेको ५ नं वडाको सिफारिस प्राप्त भएकोले सोही व्यहोरा वमोजिम दूर संचार प्राधिकरण लागि जग्गा विवाद नरहेको सिफारिस गर्ने सर्वसमितिले निर्णय गरियो।

६. आ.व २०८२/०८३ को लागि विनियोजित बजेट बाट आलूको बिउ अनुदानमा वितरण गर्नको लागि माग संकलन गर्नको लागि सूचना प्रकाशन गर्ने सर्वसमितिले निर्णय गरियो।

७. वडा कार्यालय बाट सिफारिस भई आएका देहाय व्यक्तिहरुलाई देहाय बमोजिम राहात सोरुप रकम उपलब्ध गराउने सर्वसमितिले निर्णय गरियो।

क. माथागढी गा.पा ३ नं कसेनी निवासी फस्ट बहादुर आलेको जीप दुर्घटनामा परि बाया हात गुमाउनु परेकोले रु १०,००० राहात उपलब्ध गराउने।

ख. माथागढी गा.पा ३ नं कसेनी निवासी फत्त बहादुर घर्ति मगरको बर्षाको कारण घरको पर्खाल भत्किएकोले रु १०,००० राहात उपलब्ध गराउने।

८. यस कार्यालयको स्वीकृत दरवन्दी मदे रिक्त रहेको देहायका पदमा लोकसेवा आयोजमा पदपूर्तिका लागि माग गरि पठाउने सर्वसमितिले निर्णय गरियो। ।

| सि.नं | पद | तह | माग गरिएको पदसंख्या |
|---|---|---|---|
| १ | प्रशासकिय अधिकृत सातौं (प्रशासन) | ७ | १ |
| २ | शिक्षा अधिकृत सातौं | ७ | १ |
| ३ | भेटनरी अधिकृत सातौं | ७ | १ |
| ४ | हे.अ. | ५ | १ |
| ५ | प.स्वा.प्रा. | ५ | १ |
| ६ | सहायक | ४ | २ |
| ७ | अ.न.मी | ४ | १ |
| ८ | अ.हे.व. | ४ | १ |

९. आ.व २०८२/८३ मा सञ्चालन हुने रु २,००००० भन्दा माथि रकमको आयोजनाहरुको उपभोक्ता समितिलाई ३३% पेस्की दिने सर्वसमितिले निर्णय गरियो।

१०. भूमि समस्या समाधान आयोग, पाल्पाद्वारा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरियो।